**कीर्तिपुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**कीर्तिपुर, काठमाडौं**

## ई-हाजिरी मेसिन खरिदका लागि शिलबन्दी दररेट आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०६/०३)

चालु आ.व. २०७६/०७७ मा यस नगरपालिकाको विभिन्न शाखा, वडा कार्यालय लगायतका स्थानहरुमा ई-हाजिरी मेसिन जडान/सञ्जालन गर्नका लागि केही संख्यामा ई-हाजिरी मेसिन आवश्यक परेकोले तपशिलमा उल्लेखित मेसिन र Specification को ई-हाजिरी मेसिन आपूर्ति गर्न इच्छुक कम्पनी, फर्म, निर्माता तथा आपूर्तिकर्ताले फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्र तथा फर्म नवीकरण र व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निम्न उल्लेखित शर्तहरुको अधीनमा रही तपशिलको ढाँचामा यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा शिलबन्दी दररेट रु.११०/- तिरी दर्ता/पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ई-हाजिरी मेसिनको स्पेसिफिकेसन | प्रस्तावित स्पेसिफिकेसन | | ब्रान्ड | कम्पनी | प्रति ईकाई दररेट (आपुती र जडान सहित) | | कै. |
|---|---|---|---|---|---|---|---|
| | Yes | No | | | अंकमा | अक्षरमा | |
| • I-Face 302 or equivalent<br>• Internal Memory:- 256 MB or Higher<br>• Display 4.3" or more with TFT Touch Color Screen<br>• CPU 1G MHz or more<br>• Min user 1,000<br>• Face Capacity Standard 1,000 or more<br>• Fingerprint Capacity Standard 1,000 or more<br>• RFID card Capacity Standard 10,000 or more<br>• Record Capacity 100,000 or more<br>• ISO/CE Certified<br>• Internal Battery Backup: - min 4 hrs.<br>• Operating mode;- Online and Offline | | | | | | | |

१) शिलबन्दी दररेट दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिर पट्टी कामको नाम लेखी प्रष्ट बुझिने गरी छाप लगाई शिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

२) यस कार्यालयमा हाजिरी प्रणाली (Software) ZKTeco को रहेकोले सोसँग Interface /Compactible हुने ई-हाजिरी मेसिन वा अन्य मेसिन प्रस्ताव गर्ने भएमा नेपाली रिपोर्टिङ सहित भएको Software स्वयंले नै मेसिनसँगै थप रकम नलाग्ने गरी उपलब्ध गराउनु पर्ने छ ।

३) शिलबन्दी दररेट दाखिला गर्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन र समयमा दररेट पेश गर्न सकिनेछ ।

४) वारेन्टी दिनु पर्ने सामग्रीहरुको स्पष्ट रुपमा न्युनतम १ वर्षको वारेन्टी हुनुपर्नेछ ।

५) आपुर्ति गरिने मेसिनको क्याटलग वा ब्रोसर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६) आपुर्ति गरिने सामानको कम्पनी, ब्राण्ड, बारेन्टी, स्पेशिफिकेशन तथा न्युनतम दररेट समेतका आधारमा दररेट स्वीकृत गर्न सकिनेछ । साथै दररेट पत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, कार्यालय समयभित्र कार्यालयको फोन नं. ०१३३१६९३, ०१४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

८) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन २०७६ सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**नगर कार्यपालिकाको कार्यालय**